# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**

(ADDC/N)

1994


Ref. No.:-

Date :-

२०६५/३/२६

## प्रेस विज्ञप्ती

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जिल्ला विकास समितिलाई एक अविछिन्न, उत्तराधिकारवाला, स्वायत्त, जनप्रतिनिधिमूलक संस्थाको रुपमा अंगिकार गरेको छ । उक्त ऐनको दफा २१५ को (२) अनुसार जिल्ला विकास समितिले जिल्ला विकास क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी जिल्ला परिषद्बाट पारित दरमा कवाडी कर संकलन गर्न पाउने प्रावधान भएको र सोही अनुसार स्थानीय स्वायत्त शासन नियमावली २०५६ को अनुसूची २३ को बुँदा नं. ३ र ४ अनुसार जिल्ला विकास समितिहरुले आजसम्म कवाडी कर ठेक्का प्रथाद्वारा संकलन गर्दै आएका छन् । जिल्ला विकास समितिहरुलाई यसले आन्तरीक श्रोत परिचालनमा महत्वपूर्ण योगदान गर्दै आएको छ । उपलब्ध तथ्याङ्क अनुसार आ.व. २०५९/२०६० मा सबै जिविसहरुले करिव ६ करोड बराबर र आ.व. २०६०/२०६१ मा करिव ८ करोड बराबरको आन्तरीक श्रोत परिचालन गर्दै आएका छन् ।

जनप्रतिनिधिमूलक निकाय जिल्ला विकास समितिहरु २०५९ साल असार मसान्त पश्चात जनप्रतिनिधि विहिन भएका र कर्मचारी मार्फत ती निकायहरु सञ्चालन गर्दै आएको यो शुन्यताको अवस्थामा स्थानीय विकास मन्त्रालयले मिति २०६५ साल असार २३ गते प्रचलित स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियम २०५६ को प्रावधान विपरित ७५ वटै जिल्ला विकास समितिलाई कवाडी कर संकलन गर्न पाउने कानुनी अधिकारलाई कुण्ठित पार्ने निर्णय प्रति जिल्ला विकास समिति महासंघको गंभिर ध्यानाकार्षण भएको छ । यस्ता ऐन नियम विपरितका निर्णयप्रति असहमति जनाउदै जिल्ला विकास समिति महासंघ नेपाल कडा विरोध गर्दछ ।

साथै ऐन नियम विपरितका यस किसिमका गंभिर त्रुटीपूर्ण निर्णयहरु यथासिघ्र फिर्ता लिन स्थानीय विकास मन्त्रालय समक्ष माग गर्दै सम्वन्धित सबै जिल्ला विकास समितिहरुलाई उक्त निर्णयको पालना नगरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को प्रावधान अनुसार प्राप्त अधिकारको रक्षार्थ कबाडी कर संकलन गर्न जिल्ला विकास समिति महासंघ नेपाल हार्दिक आव्हान गर्दछ ।

कृष्णप्रसाद जैसी
प्रवक्ता
जिविस महासंघ नेपाल


पत्राचार ठेगाना : पो.व. नं. १२०२२ सानेपा मोड, ललितपुर, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७-१-५५४८४६९

Mailing Address:– P.O. Box # 12022 Sanepa, Lalitpur, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np